## मिति २०७५।११।२२ गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.१ :- गाउँपालिकाको भवन निर्माण कार्यलाई ठेक्का प्रक्रियाबाट अगाडी बढाउने निर्णय गरियो

निर्णय नं. २ :- सुरक्षित आवास गृह निर्माण कार्यलाई (तराई मधेस समृद्धि कार्यक्रम अन्तर्गतको ) ठेक्का प्रक्रियाबाट नियमानुसार गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :- रोहिणी खोलाबाट नदीजन्य पदार्थ (भस्कट, बालुवा, गिट्टी) उत्खनन गर्नका लागि स्वीकृत IEE प्रतिवेदनमा उल्लेख भएको घाटबाट स्वीकृत परिमाणमा नदीजन्य पदार्थ उत्खनन गर्नका लागि ठेक्का आव्हान गर्ने निर्णय गरियो । साथै फरक फरक घाटको लागि फरक फरक ठेक्का आव्हान गर्ने निर्णय गरियो । खोला किनारामा रहेका व्यक्तिगत जग्गाको माटो भस्कट उत्खनन गर्ने प्रयोजनका लागि गा.पा.को कार्यालयले राजश्व संकलन गरी नियमानुसार प्रक्रिया पुर्‍याई उत्खनन गर्न स्वीकृती दिने निर्णय गरियो ।

निर्णय नं. ४ :- गाउँपालिका प्रहरीहरुलाई खाजा भत्ता वापत मासिक रुपमा १०००।- (एक हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५ :- गाउँपालिकाको कार्यालयबाट हालसम्म भएको आय-व्ययको लेखापरीक्षण गर्न कोष तथा लेखा नियन्त्रकको कार्यालय भैरहवालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :- गाउँपालिकाबाट वडा नं. १ मा स्वास्थ्य चौकी निर्माण गर्न विभागलाई पत्राचार गरिएकोमा स्वास्थ्य विभागबाट भूलबस वडा नं. ६ मा स्वास्थ्य चौकी निर्माणका लागि बजेट विनियोजन गरिएकोमा स्वास्थ्य विभागलाई स्थान संशोधन गरी वडा नं.१ गरिदिन सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :- प्रदेश सरकारबाट यस गाउँपालिकामा विनियोजन गरिएका योजनाहरुको सम्झौता गर्ने प्रयोजनका लागि गा.पा. अध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ :- गाउँपालिकामा अर्न्तराष्टिय नारी दिवस भव्य एवं सभ्य रुपमा मनाउन गाउँपालिका उपाध्यक्ष श्री सुन्दरमति कुमारी हरिजनको संयोजकत्वमा श्री चुमकला बस्याल एवं श्री ज्ञानेश श्रेष्ठ सदस्य रहेको नारी दिवस समारोह समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ :- गाउँपालिकाको आवधिक योजना सडक गुरुयोजना, कृषि पर्यटन गुरुयोजना निर्माणका लागि कृषि मण्डी ( कृषिजन्य वस्तु संकलन केन्द्र ) शिर्षकबाट रु. ३० लाख ( ३००००००।-) र करबलहामा पक्की कुलो निर्माण वडा नं. २ बाट रु. १० लाख ( १००००००।-) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० :- ओमसतिया गाउँपालिका वडा नं. ६ जमुहानीमा रहेको करिव १०० वर्ष पूरानो ऐतिहासिक श्री राम जानकी मन्दिर पोखराताल संरक्षण र सम्बर्द्धन गर्न गुरुयोजना निर्माण भौतिक पूर्वाधारहरुको निर्माण गरी पर्यटकीय गन्तव्यका रुपमा विकसित गर्नुपर्ने भएकोले उक्त कार्य गर्नका लागि आवश्यक रकम विनियोजन गर्न केन्द्र सरकार एवं प्रदेश सरकारसंग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ :- वडा नं. ५ भेलाई टोलमा रहेको भेलाई पोखरी मर्मत गर्नु पर्ने भएकोले उक्त पोखरी मर्मत गर्न एवं उक्त पोखरी मर्मत गर्दा निस्कने माटो गाउँपालिकाले राजश्व लिई बिक्री गर्ने निर्णय गरियो

निर्णय नं. १२ :- क) योजना कितावमा योजनाको नाम मटेरिया गाउँ नाली निर्माण रहेकोमा संशोधन गरी मटेरिया गाउँ बाटो एवं नाली निर्माण गर्ने निर्णय गरियो ।

ख) योजना कितावमा योजनाको नाम कृषि कार्यक्रम भएकोमा संशोधन गरी कृषि कार्यक्रम एवं कृषि बाटो निर्माण गर्ने निर्णय गरियो ।

ग) गाउँपालिका वडा नं १ र मा माछा पोखरी (मत्स्य विकास केन्द्र) ले ओगटेको सार्वजनिक जग्गा नाप जाँच गरी गराई सार्वजनिक जग्गा भएको ठहर भएमा गा.पा. ले आफ्नो प्रयोजनका लागि अधिकारमा लिई प्रयोग गर्ने निर्णय गरियो ।

घ) संघबाट वडा नं. १ र २ का बासिन्दालाई सर्वसुलभ रुपमा खानेपानी सेवा वितरण गर्नका खानेपानीको ओभरहेड ट्याङ्की निर्माण गर्न रकम विनियोजन गरेकोले वडा नं. २ केवटलिया, अहिर टोल, पुलपारी रहेको बाटोको पूर्वमा पर्ने सार्वजनिक जग्गा उपलब्ध गराउन वडा नं. १ र २ बाट सिफारिस भई आएकोले सोही बमोजिम जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

ङ) बल बहादुर धोवीको घरमा विद्युत शट भई आगजनी भएको र उक्त आगलागीबाट निजको घरमा करिव २३५०००।- बराबरको क्षति भएको भन्ने वडा नं. ६ को कार्यालयबाट सिफारिस समेत प्राप्त भएको हुदाँ एवं निज अत्यन्त विपन्न रहेको समेत वडा कार्यालयबाट सिफारिस गरेको हुदाँ निजलाई आर्थिक सहयोग स्वरुप रु. २००००।- (बिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

च) नेपाल टेलिकम वर्कस यूनियन (NTCWU) क्षेत्रीय समिति भैरहवालाई अधिवेशन सम्पन्न गर्न २५०००।- (अक्षरुपी पच्चिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

छ) नेपाल स्वयंसेवी रक्तदाता समाज, जिल्ला शाखा रुपन्देहीलाई वार्षिक साधारण सभा आयोजनाका लागि १५०००।- (अक्षरुपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ज) जय गुरुदेव नाम प्रभुका जय गुरुदेव संगत रुपन्देही नेपाललाई राष्ट्रिय सत्सग कार्यक्रम आयोजना गर्न २००००।- (अक्षरुपी बिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

झ) निसा थारु अत्यन्त विपन्न भएको र निजको पतिको मृत्यु भएकोले काजक्रिया गर्न नसकको भन्ने वडा नं १ को सिफारिस बमोजिम निसा थारुलाई पतिको काजक्रिया गर्न २००००।-(अक्षरुपी बिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ञ) भैरहवा बहुमुखी क्याम्पसलाई स्वर्ण महोत्सव वर्ष मनाउन ५००००।- (अक्षरुपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ट) गौतमबुद्ध सन्देश राष्ट्रिय दैनिकलाई विशेषाङ्क प्रकाशन गर्नका लागि रु. १००००।- बराबरको सचेतनामुलक विज्ञापन दिने निर्णय गरियो ।

ठ) रुपन्देही बहिरा क्रिकेट संघ, शान्तीनगर १२, सिद्धार्थनगर क्रिकेट प्रतियोगिता आयोजना गर्न रु. २००००।- (अक्षरुपी बिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ड) नवयुवा  खेलकुद तथा सास्कृतिक परिवार, ओमसतिया -१ ठुटीपीपल रुपन्देही लाई ९ औं नवयुवा कप नकआउट फुटवल प्रतियोगिता संचालन गर्न खेलकुदको शिर्षकबाट प्रथम पुरस्कार प्रायोजन वापत रु. २०००००।- (अक्षरुपी दुई लाख उपलब्ध गराउने निर्णय गरियो ।

ढ) मिति २०७५।११।१५ मा चट्याङ्गबाट असामयिक निधन भएकी राजेन्द्र मल्लाहकी श्रीमती लाई काजक्रिया वापत रु.२००००।- ( अक्षरुपी बिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ण) ओमसतिया गा.पा. भित्र हुने निर्माणलाई व्यवस्थित गर्न भवन निर्माणको लागि नक्सा पास किताव पारित गर्ने निर्णय गरियो ।

त) गा.पा. अध्यक्षलाई एक जना बैयक्तिक सल्लाहकार उपलब्ध गराउने निर्णय गरियो ।

ड) नवयुवा खेलकुद तथा सास्कृतिक परिवार, ओमसतिया -१ ठुटीपीपल रुपन्देही लाई ९ औं नवयुवा कप नकआउट फुटवल प्रतियोगिता संचालन गर्न खेलकुदको शिर्षकबाट प्रथम पुरस्कार प्रायोजन वापत रु. २०००००।- (अक्षरुपी दुई लाख उपलब्ध गराउने निर्णय गरियो ।

ढ) मिति २०७५।११।१५ मा चट्याङ्गबाट असामयिक निधन भएकी राजेन्द्र मल्लाहकी श्रीमती लाई काजक्रिया वापत रु.२००००।- ( अक्षरुपी बिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ण) ओमसतिया गा.पा. भित्र हुने निर्माणलाई व्यवस्थित गर्न भवन निर्माणको लागि नक्सा पास किताव पारित गर्ने निर्णय गरियो ।

त) गा.पा. अध्यक्षलाई एक जना बैयक्तिक सल्लाहकार उपलब्ध गराउने निर्णय गरियो ।